# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- २०८०/८१
च.नं :-

**समुदायमा आधारित पुनः स्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

*दोस्रो पटक प्रकाशित मिति २०८०/१०/२६*

यस रौतामाई गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। रौतामाई गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र, परीक्षा दस्तुर तिरेको भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र रौतामाई गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कार्वाही हुने छैन । साथै, प्रचलित कानून बमेजिम अयोग्य ठहरिने उमेदवारहरुको दरखास्त उपर कुनै कार्वाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

**तपसिल**

१. विज्ञापननं.,पद र मागसंख्या:

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०३-२०८०।८१ | समुदायमा आधारित पुनः स्थापना (सिविआर) सहजकर्ता | खुला | १ |
| २. | ०४-२०८०।८१ | | समावेशी (अपाङ्गता) | १ |

२. सेवाको किसिम:अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको फोटोकपी,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने।तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ङ) तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

२०८०/१०/२६
बिष्णु खत्री
अधिकृत सातौं

"कृषि, पर्यटन, विकास र पूर्वाधारः समृद्ध रौतामाई निर्माणको आधार"
Email:-rautamairm@gmail.com, info@rautamaimun.gov.np

CamScanner

(च) अपाङ्गता भएका व्यक्तिको घरैमा गई अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उमेदवारको उमेर

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०।११।०३) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०।११।०३) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

६. उमेदवारको छनोट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान :

(क) रौतामाई गाउँपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उमेदवारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय –पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. परीक्षा दस्तुर : रू ३००।

९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

१०. दरखास्त फाराम भर्ने मितिः मिति २०८०।१०।२६ देखी २०८०।११।०३ सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरी जानकारी गराइनेछ। साथै यस रौतामाई गाउँपालिकाको सूचना पाटीमा समेत टाँस गरिनेछ।

१२. पाठ्यक्रमः दरखास्त फाराम सँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाण पत्रहरूका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०८०।११।०३) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. विशेष व्यवस्थाः समुदायमा आधारित पुनः स्थापना सहजकर्ताहरूको छनोट पश्चात दुई महिनाको समुदायमा आधारित पुनः स्थापना तालिम हुनेछ। तालिम अवधिभर तलब पारिश्रमिक पाइने छैन। तर, उक्त तालिम अवधिभरको लागि खाने बस्ने व्यवस्था मिलाइने छ।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार रौतामाई गाउँपालिकालाई हुनेछ।

१६. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा रौतामाई गाउँपालिकाको कार्यालयको टेलिफोन नं ९८६२९१२२५८ मा सम्पर्क गरी बुझ्न सकिने छ । साथै थप जानकारीको लागि रौतामाई गाउँपालिकाको website : www.rautamaimun.gov.np बाट लिन सकिनेछ ।

२०८०।१०।२६

बिष्णु खत्री
अधिकृत सातौं



CamScanner